वर्ष २० | अंक २३६ | नेपाल संवत् ११४२ | २०७९ जेठ ७ गते शनिबार | 21 May 2022 | पृष्ठ ४ | मूल्य रु. १०

एउटै पढे पुग्छ

समाधान

samadhannews.com

राष्ट्रिय दैनिक

जिल्ला खेलकुद अध्यक्षका पक्षमा अन्तरिम आदेश

सञ्जय रानाभाट
पोखरा, ६ जेठ

उच्च अदालत पोखराले गण्डकीका जिल्ला खेलकुद विकास समितिका अध्यक्षलाई हटाउने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन आदेश जारी गरेको छ ।

नयायाधीश श्रीधराकुमारी पुडासैनीको एकल इजलासले शुक्रबार खेलकुद विकास समितिका अध्यक्षको पद यथास्थितिमा राख्नू भनी विपक्षको नाउँमा अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

गत वैशाख ९ गते गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेशका ११ वटै जिल्लाका खेलकुद विकास समितिका अध्यक्षलाई पदच्यूत गरेको थियो । जिल्ला अध्यक्षहरुले पाएको जिम्मेवारी पूरा नगरेको भन्दै मन्त्रिपरिषद बैठकले हटाएको थियो । आफूहरुलाई गैरकानुनी बाटो रोजेर पदबाट गण्डकी प्रदेश सरकारले हटाउने काम गरेको भन्दै जिल्ला खेलकुद विकास समिति नवलपुरका सेतबहादुर पुन, म्याग्दीका दिनेश खत्री, बागलुङका कुमार खड्का र कास्कीका तोरणबहादुर बानियाँले उच्च अदालत पोखरामा यथावत रही कार्य गर्न परमादेशको आदेश माग गरेर निवेदन दिएका थिए ।

उनीहरुले आफूहरुलाई के कारणले हटाइएको हो ? जानकारी नदिई पदच्यूत गर्दा संवैधानिक तथा कानुनी हक हनन् भएको भन्दै उच्च अदालत पोखरामा अन्तरिम आदेश जारीको माग गरेका थिए । समितिमा रहेर ४ वर्ष काम गर्न पूर्व गण्डकी मुख्यमन्त्री पृथ्वीसुब्बा नेतृत्वको मन्त्रिपरिषद बैठकले ११ जिल्लामा खेलकुद विकास समिति अध्यक्ष नियुक्ति गरेको थियो ।

उनीहरुले ३ वर्ष काम गरिसकेको अवस्थामा १ वर्ष काम गर्ने बाँकी हुँदा प्रदेश युवा तथा खेलकुद मन्त्री राजीव गुरुङले समितिलाई स्पष्टीकरण सोधेका थिए । पछि उनीहरुको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै जिल्लाका ११ जना अध्यक्षलाई पदबाट हटाएको थियो । उनीहरुले बाँकी कार्यकालसम्म काम गर्न पाउनुपर्ने भन्दै अदालतमा रिट निवेदन दिएका थिए ।

उक्त रिटमाथि निवेदकका पक्षबाट अधिवक्ता सुरेन्द्र थापामगर, विष्णुप्रसाद लम्साल र कृष्णकुमार श्रेष्ठले पैरवी गरेका थिए । युवा तथा खेलकुद मन्त्री राजीव गुरुङ, मन्त्रालय, गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपाली र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पोखराविरुद्ध उच्च अदालत पोखरा पुगको थिए । कार्यवधि पूरा नहुँदै बर्खास्त भएका उनीहरु पुनर्बहाली माग्दै अदालत गएका थिए । शुक्रबार अदालतले उच्च अदालत अन्तरिम आदेश दिँदै दुबै पक्षलाई जेठ १० गते मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश पोखरामा डाकेको छ ।

गण्डकी प्रदेश युवा तथा खेलकुद परिषदका अध्यक्ष राजीव गुरुङले ४ चैतमा उनीहरुलाई १५ दिनको समय दिएर स्पष्टीकरण सोधेका थिए । 'प्रदेश खेलकुद विकास एने, २०७७ को दफा ३०(१) बमोजिम जिल्ला खेलकुद विकास समिति कास्की गठन हुँदा तपाईं उक्त समितिको अध्यक्ष पदमा मनोनित गरिएकोमा गण्डकी प्रदेश खेलकुद विकास नियमावली २०७८, को नियम १२ बमोजिम काम, कर्तव्य र जिम्मेवारी पूरा गरेको देखिएन । प्रचलित नियमानुसार प्राप्त जिम्मेवारी के कति कारणले पूरा गर्न नसक्नु भएको हो ? सो सम्बन्धमा मनासिब कारण पेस गर्न यो स्पष्टीकरण सोधिएको छ । पत्रको मितिले १५ दिनभित्र चित्तबुझ्दो स्पष्टीकरण पेस गर्नुहोला । स्पष्टीकरण चित्त बुझ्दो नभएमा प्रचलित कानुन बमोजिम हुने व्यहोरासमेत जानकारी गराइन्छ,' पत्रमा लेखिएको छ ।

थप २ वडाको नतिजा

समाधान संवाददाता
पोखरा, ६ जेठ

पोखरा महानगरपालिका वडा नम्बर ८ मा एमालेको प्यानल नै विजयी भएको छ । पोखरा ८ मा एमालेका वडाध्यक्ष उम्मेदवार रुद्रनाथ बराल नेतृत्वको टोली वडामा निर्वाचित भएको छ । वडाध्यक्ष बराल २ हजार १ सय ४० मत ल्याएर वडाध्यक्ष चुनिएका हुन् ।

बरालले कांग्रेसका शारदा गिरीलाई पराजित गरे । गिरीले १ हजार ४ सय ८८ मत प्राप्त गरिन् । वडामा एमालेले ४ वटै सदस्य जितेको छ । वडा सदस्यमा गोविन्द्र बराल, हीराकाजी श्रेष्ठ, पवित्रा पौडेल, लक्ष्मी विक निर्वाचित भएका हुन् ।

पोखरा ७ मा कांग्रेस उम्मेदवार राममोहन आचार्य वडाध्यक्ष निर्वाचित भएका छन् । तर ४ सदस्य भने एमालेले जितेको छ । ०४९ सालदेखि एमालेले एकछत्र राज गर्दै आएको एमालेलाई यस पटक कांग्रेस पराजित गर्न सफल भएको हो । यो वडामा एमालेबाट सदस्यमा विष्णुमणि बराल, अर्जुन श्रेष्ठ, महिला सदस्यमा बसुन्धरा लामिछाने र दलित महिला सदस्यमा सुनिता सुनार विजयी भएका छन् ।

पोखरा ८ मा ०४९ र ०५४ सालमा कांग्रेसको प्यानल नै विजयी भएको थियो । कांग्रेसका गिनेचुने नेताहरु भएको यो वडालाई कांग्रेस पकड वडा मानिन्थ्यो । कांग्रेसको त्यस्तो गढ ०७४ सालमा एमालेका रुद्रनाथ बरालले जितेर भत्काएका थिए । त्यति बेला पनि उनको प्रतिस्पर्धा कांग्रेस नेतृ शारदा गिरीसँग भएको थियो ।

०७४ सालमा एमालेले वडाध्यक्ष र ३ सदस्य जितेकोमा यस पटक प्यानल नै जितेको हो । कांग्रेसको पकड वडा मानिएकोमा यसअघि जितेको एमालेले त्यो विरासत जोगाउन सफल भएको छ । ०७४ मा र यसपालि एमाले पार्टीले यो वडा जित्ने आकलन गर्न सकेको थिएन । पूर्वानुमान विपरीत पोखरा ८ जितेको एमालेले बरु ०७४ मा जितेका वडाहरु क्रमशः १३, २४, २५ र २६ मा पराजय व्यहोरिसकेको छ । अघिल्लो पटक जित्ने आकलन गरेर हारेको वडा नम्बर ६ मा भने कम ब्याक गरेको छ ।

शुक्रबारसम्म पोखराका १६ वटा वडाको अन्तिम नतिजा आइसकेको छ । तीमध्ये ११ वडामा कांग्रेस र ५ वडामा एमाले उम्मेदवारले वडाध्यक्ष जितेका छन् । अघिल्लो स्थानीय चुनाव पोखरा महानगरका ३३ मध्ये ११ वडामा मात्र कांग्रेस उम्मेदवारले वडाध्यक्ष जितेका थिए ।

हालसम्म १, २, ३, ४, ५, ६, ७, ८, ९, १२, १३, २०, २३, २४, २५ र २६ नम्बर वडाको नजिता

राममोहन आचार्य
पोखरा ७

रुद्रनाथ बराल
पोखरा ८

सार्वजनिक भएको छ ।

एमाले उम्मेदवार सहारा प्रधान वडा नम्बर १ को अध्यक्षमा निर्वाचित भएका छन् । वडा नम्बर २ मा नेपाली कांग्रेसका दिवसमान प्रधानांग विजयी बने । वडा नम्बर ३ मा कांग्रेसका प्रकाशमान उदास वडाध्यक्षमा निर्वाचित भएका छन् । पोखरा ४ मा पनि कांग्रेस उम्मेदवार देवकृष्ण पराजुली वडाध्यक्षमा बनिसकेका छन् । पोखरा ५ मा एमालेका विष्णुप्रसाद बराल अध्यक्ष बनेका छन् । पोखरा ६ मा एमालेका विष्णुबहादुर भट्टराई अध्यक्ष निर्वाचित बने ।

वडा नम्बर १३ मा कांग्रेसका किरण बरालले अध्यक्ष जितेका छन् । वडा नम्बर २३ मा कांग्रेसका रामकाजी गुरुङ वडाध्यक्षमा निर्वाचित भएका छन् । वडा नम्बर २४ मा कांग्रेसका भरतबहादुर अधिकारी निर्वाचित भए । पोखरा २५ मा पनि कांग्रेसका उम्मेदवार मोतीलाल तिमिल्सिना अध्यक्ष नर्वाचित भएका छन् । पोखरा २६ मा कांग्रेसको प्यानलै आएको छ । कांग्रेसका नरेन्द्र थापा वडाध्यक्ष चुनिएका छन् ।

पोखरा महानगरपालिकाको मेयरमा नेकपा (एकीकृत समाजवादी) का उम्मेदवार धनराज आचार्यले मतान्तर बढाउँदै लगेका छन् । गठबन्धनको तर्फबाट उम्मेदवार बनेका आचार्यले शुक्रबार साँझसम्म २९ हजार ८ सय ७ मत ल्याएका छन् । एमालेका कृष्णबहादुर थापाले २६ हजार ३ सय ६५ मत पाएका छन् । त्यस्तै राप्रपा उम्मेदवार शंकर खरालले ३१ हजार ४५ मत प्राप्त गरे । स्वतन्त्र उम्मेदवार गनेस पौडेलले १ हजार ९ सय ६६ मत प्राप्त गरेका छन् ।

उपमेयरमा गठबन्धनबाट नेपाली कांग्रेसकी कोपिला रानाभाटले अग्रता लिएकी छिन् । रानाभाटले ३० हजार २ सय ६० मत प्राप्त गरेकी छिन् भने एमालेकी मञ्जुदेवी गुरुङले ३० हजार १ सय ७६ मत प्राप्त गरेकी छिन् ।

गण्डकीमा एमाले र कांग्रेसका ३५/३५ पालिका प्रमुख

सत्ता गठबन्धनसँग एक्लै लडेको एमालेले कांग्रेस समान हैसियत बनाएको छ

रिखिराम जिसी
पोखरा, ६ जेठ

हालसम्म गण्डकी प्रदेशका ८३ स्थानीय तहको अन्तिम नजिता सार्वजनिक भइसकेको छ । २ स्थानीय तहको मतगणना जारी छ ।

सार्वजनिक गरिएको नतिजा अनुसार एमाले र कांग्रेसले समान ३५ पालिकाका प्रमुख जितेका छन् । माओवादीले ११ पालिकामा विजय प्राप्त गरेको छ । एमालेले ३५ तह प्रमुख जित्दा ३२ वटामा उपप्रमुख जितेको छ । कांग्रेसले ३५ तह प्रमुख र ३० उपप्रमुख जितेको छ ।

माओवादीले ११ वटा प्रमुख तथा १९ उपप्रमुख जितेको छ । राष्ट्रिय जनमोर्चाले २ प्रमुख र १ उपप्रमुख जितेको छ । १ स्थानीय तहको उपप्रमुखमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।

८ वटा स्थानीय तह रहेको नवलपुरमा एमालेले ६ ठाउँमा जितेको छ । एमाले कावासोती नगरपालिका, देवचुली नगरपालिका, मध्यविन्दु नगरपालिका, बौदीकाली गाउँपालिका, विनयी गाउँपालिकाको प्रमुख, उपप्रमुख र बुलिङटार गाउँपालिकाको प्रमुखमा जित निकाल्न सफल भएको छ ।

कांग्रेसले नवलपुरमा २ प्रमुख र ३ उपप्रमुख पदमा जित हासिल गरेको छ । हुप्सेकोट गाउँपालिका, गैंडाकोट नगरपालिकाको प्रमुख उपप्रमुख दुवै र बुलिङटार गाउँपालिकाको उपप्रमुख पद जित्न सफल भएको छ ।

बागलुङका १० वटा तहमध्ये कांग्रेसले ६ मा प्रमुख तथा उपप्रमुख जितेको छ । कांग्रेसले तमानखोला गाउँपालिका र बडिगाड गाउँपालिकाको प्रमुख र उपप्रमुख दुवै र बागलुङ नगरपालिका, गलकोट नगरपालिका, काठेखोला गाउँपालिका र निसीखोला गाउँपालिकाको प्रमुख पद जित्न सफल भएको छ । जैमिनी नगरपालिका, ढोरपाटन नगरपालिका, बरेङ गाउँपालिका र ताराखोला गाउँपालिकामा उपप्रमुख पदमा कांग्रेसका उम्मेदवार विजयी भएका छन् ।

बागलुङमा एमाले एउटा स्थानीय तहको प्रमुखमा सिमित भएको छ । एमालेले ढोरपाटन नगरपालिकाको प्रमुखमा जित हासिल गरेको छ । माओवादी केन्द्रले ताराखोला गाउँपालिकाको प्रमुख र निसीखोला गाउँपालिका, गलकोट नगरपालिका, बागलुङ नगरपालिकाको उपप्रमुख पद जितेको छ । राष्ट्रिय जनमोर्चाका उम्मेदवार जैमिनी नगरपालिका र बरेङ गाउँपालिकाको प्रमुख र काठेखोला गाउँपालिकाको उपप्रमुख पदमा निर्वाचित भएको छ ।

६ वटा स्थानीय तह रहेको म्याग्दीमा एमाले अग्रपंक्तिमा छ । एमालेले ४ प्रमुख र ३ उपप्रमुखमा जित हासिल गरेको छ । अन्नपूर्ण गाउँपालिका, मंगला गाउँपालिका, मालिका गाउँपालिकाको प्रमुख उपप्रमुख दुवै पद र बेनी नगरपालिकाको प्रमुख पदमा एमालेका उम्मेदवार विजयी भएका छन् । कांग्रेसले रघुगंगा गाउँपालिकाको प्रमुख, उपप्रमुख र धवलागिरी गाउँपालिकाको प्रमुख पद जितेको छ । माओवादीले धवलागिरी गाउँपालिका र बेनी नगरपालिकाको उपप्रमुख जित्न सफल भएको छ ।

स्याङ्जामा पनि एमाले र कांग्रेस हाबी भएका छन् । ११ स्थानीय तहमध्ये ६ मा एमाले र ५ मा कांग्रेसका उम्मेदवार विजयी भएका छन् । आँधीखोला गाउँपालिका, कालीगण्डकी गाउँपालिका, फेदीखोला गाउँपालिका, बिरुवा गाउँपालिका, हरिनास गाउँपालिकाको प्रमुख, उपप्रमुख र वालिङ नगरपालिकाको प्रमुखमा एमालेका उम्मेदवार विजयी भएका छन् । अर्जुनचौपारी गाउँपालिका, भीरकोट नगरपालिका, गल्याङ नगरपालिका, चापाकोट नगरपालिका, पुतलीबजार नगरपालिकाको प्रमुख उपप्रमुख र वालिङ नगरपालिकाको उपप्रमुख जित्न कांग्रेस सफल भएको छ ।

७ वटा स्थानीय तह रहेको पर्वतमा एमालेले २ वटा प्रमुख र ५ उपप्रमुखमा विजयी भएको छ । महाशिला गाउँपालिका र मोदी गाउँपालिकाको प्रमुख, उपप्रमुख र विहादी गाउँपालिका, पैयुँ गाउँपालिका, कुश्मा नगरपालिकाको उपप्रमुखमा एमालेले जित हासिल गरेको छ । विहादी गाउँपालिका, पैयुँ गाउँपालिका, कुश्मा नगरपालिका, फलेवास नगरपालिका, जलजला गाउँपालिकाको प्रमुखमा कांग्रेसका उम्मेदवार विजयी भएका छन् । फलेवास नगरपालिका र जलजला गाउँपालिका उपप्रमुखमा माओवादीका उम्मेदवार विजयी भएका छन् ।

मुस्ताङमा एमाले हाबी भएको छ । एमालेले ५ स्थानीय तहमध्ये ४ मा जित हासिल गरेको छ । एमालेले लो-घेकर दामोदरकुण्ड गाउँपालिका, लोमन्थाङ गाउँपालिका, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको प्रमुख, उपप्रमुख र थासाङ गाउँपालिकाको प्रमुख पदमा जित निकालेको छ । कांग्रेसले घरपझोङ गाउँपालिकाको प्रमुख, उपप्रमुख र थासाङ गाउँपालिकाको उपप्रमुख जितेको छ ।

मनाङमा ४ स्थानीय तह छन् । यहाँ एमाले र कांग्रेसले २/२ वटामा जिते । चामे गाउँपालिका, मनाङ डिस्याङ गाउँपालिका प्रमुख एमालेले जितेको छ । नार्पाभूमि गाउँपालिकाको उपप्रमुखमा पनि एमालेका उम्मेदवार विजयी भएका छन् । कांग्रेसले नासोँ गाउँपालिका र नार्पाभूमि गाउँपालिकाको प्रमुख जितेको छ । चामे गाउँपालिकाको उपप्रमुख पनि कांग्रेसले नै जित्यो । नासोँ गाउँपालिका उपप्रमुख माओवादी र मनाङ डिस्याङ गाउँपालिका उपप्रमुखमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।

कास्कीका ५ स्थानीय तहमध्ये ४ तहको अन्तिम नतिजा सार्वजनिक भइसकेको छ । जसअनुसार एमालेले २ स्थानीय तहमा जित हासिल गरेको छ । अन्नपूर्ण गाउँपालिका, रूपा गाउँपालिकाको प्रमुख, उपप्रमुख र मादी गाउँपालिकाको उपप्रमुख पदमा एमालेका उम्मेदवारले जित हासिल गरेका हुन् । कांग्रेस उम्मेदवार माछापुच्छ्रे गाउँपालिकाको प्रमुख, उपप्रमुख र मादी गाउँपालिकाको प्रमुख पदमा विजयी भएका छन् । पोखरा महानगरपालिकाको मतगणना जारी छ ।

तनहुँका ८ स्थानीय तहको नतिजा सार्वजनिक भइसकेको छ । जसमा एमाले ४ स्थानीय तहमा विजयी भएको छ । घिरिङ गाउँपालिका र भीमाद नगरपालिका प्रमुख उपप्रमुख र बन्दीपुर गाउँपालिका, म्याग्दे गाउँपालिकाको प्रमुख पदमा एमाले विजयी भएको छ । कांग्रेसले ऋषिङ गाउँपालिका, भानु नगरपालिकाको प्रमुख, उपप्रमुख र देवघाट गाउँपालिका, शुक्लागण्डकी नगरपालिकाको प्रमुख पदमा जित हासिल गरेको छ । म्याग्दे गाउँपालिका र बन्दीपुर गाउँपालिकाको उपप्रमुखमा कांग्रेसका उम्मेद्वार विजयी भएका छन् । माओवादी केन्द्रले आँबुखैरेनी गाउँपालिकाको प्रमुख र शुक्लागण्डकी नगरपालिका, देवघाट गाउँपालिकाको उपप्रमुख पद जित्न सफल भएको छ । व्यास नगरपालिकाको मतगणना जारी छ ।

लमजुङमा सबै स्थानीय तहको अन्तिम नतिजा सार्वजनिक भइसकेको छ । जसअनुसार एमालेले ४ र कांग्रेसले ४ स्थानमा जित हासिल गरेका छन् । एमालेले बेसीसहर नगरपालिका, क्व्होंलासोथार गाउँपालिका, मर्स्याङदी गाउँपालिकाका प्रमुख उपप्रमुख र दोर्दी गाउँपालिकाको प्रमुख पदमा जित हासिल गरेको छ । सुन्दरबजार नगरपालिका र मध्यनेपाल नगरपालिकाको उपप्रमुखमा एमालेका उम्मेदवार विजयी भएका छन् । कांग्रेसले राइनास नगरपालिका, मध्यनेपाल नगरपालिका, दूधपोखरी गाउँपालिका र सुन्दरबजार नगरपालिकाको प्रमुख र दोर्दी गाउँपालिकाको उपप्रमुखमा जित निकाल्यो । प्रदेशका ३७ स्थानीय तहमा नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाले चुनावी गठबन्धन गरेका थिए ।

गोरखामा माओवादी दबदबा

माओवादी जनयुद्धको आधारभूमि हो गोरखा । माओवादीका शीर्ष नेताहरु डा. बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठको गृहजिल्ला हो गोरखा । अघिल्लो स्थानीय तह निर्वाचनमा यहाँ कांग्रेसले बलियो पकड बनाएको थियो । जिल्लाका ११ पालिकामध्ये ९ कांग्रेसले जित्दा माओवादी २ पालिकामा सिमित भएको थियो ।

यसपालिको निर्वाचनमा जिल्लामा कांग्रेस-माओवादी गठबन्धनका लागि अनेक पहल भए पनि त्यो सार्थक भएन । गोरखा नगरपालिका र एक गाउँपालिकामा कांग्रेस र जसपाको गठबन्धन बन्यो । अन्यत्र सबै पार्टी एकल रुपमा लडे । निर्वाचन परिणाम सार्वजनिक हुँदा यहाँ माओवादीले बलियो पकड बनाएको छ ।

जिल्लाका ९ पालिका जितेको माओवादी केन्द्र यहाँ निर्णायक शक्ति बनेको छ । नेपाली कांग्रेस २ पालिकामा सिमिति भएको छ । डा. बाबुराम भट्टराईको बर्हिगमनपछि जिल्लामा कमजोर ठानिएको माओवादीले स्थानीय चुनावमा आशातीत सफलता पाएको छ । गण्डकी प्रदेशमा ११ पालिका जितेको माओवादीले गोरखामा मात्रै ९ पालिका जितेको हो ।

माओवादीले पालुङटार नगरपालिका, बारपाक सुलीकोट गाउँपालिका, अजिरकोट गाउँपालिका, चुमनुब्री गाउँपालिका, धार्चे गाउँपालिका, सहिद लखन गाउँपालिकाका प्रमुख, उपप्रमुख र गोरखा नगरपालिका, गण्डकी गाउँपालिका, भीमसेनथापा गाउँपालिकाको प्रमुख जित्न सफल भएको छ ।

कांग्रेसको बलियो गढ मानिएको गोरखा नगरपालिकामा प्रमुख जितेको माओवादीले पालुङटार नगरपालिकामा निवर्तमान मेयर दीपकबाबु कँडेललाई हराएको छ । पालुङटार डा बाबुराम भट्टराई गृह पालिका हो । यहाँ कांग्रेस-जसपा गठबन्धन गर्ने सहमति भए पनि स्थानीय तहमा सफल भएन । अन्तिम समयमा यहाँ एमाले र जसपा गठबन्धन बने पनि गठबन्धनले जित्न सकेन । आरूघाट गाउँपालिका, सिरानचोक गाउँपालिकामा प्रमुख, उपप्रमुख र भीमसेन थापा गाउँपालिका, गण्डकी गाउँपालिका, गोरखा नगरपालिकाको उपप्रमुखमा कांग्रेसका उम्मेदवार विजयी भएका छन् ।

लोमन्थाङका परम्परा र स्थानीय सरकार

छेवाङ रिन्जिङ गुरुङ

लोमन्थाङ गाउँ हिमालपारि मुस्ताङमा पर्दछ । समुद्री सतहदेखि ३८०० मिटरमा पर्ने यो गाउँलाई माटोको सहरसमेत भनिन्छ । १३ औं शतब्दीतिर बनेका मुस्ताङी राजाका दरबार, गुम्बाहरु र पुराना घरलाई वरिपरि माटोको पर्खालले घेरेको छ । यो ऐतिहासिक पर्खालभित्र जान दुई वटा मुल ढोका छन् । एउटा उत्तरतिर र अर्को दक्षिणतिर । यहाँका बासिन्दा बौद्ध धर्म मान्दछन् । यहाँका बासिन्दहरु बिष्ट, गुरुङ, विक र लोवा हुन् । पर्यटन व्यवसाय, कृषि तथा वैदेशिक रोजगारीमा उनीहरु आवद्ध छन् ।

लामो समय बन्द र अलग्गिएको समाजका रुपमा रहेको लोमन्थाङ नेपालमा प्रजातन्त्र आएपछि २०४७ देखि राज्यको एक महत्वपूर्ण पर्यटकीय ठाउँका रुपमा प्रख्यात हुँदै आएको छ ।सरकारले लोमन्थाङ गाउँको फोटो नेपालको राहदानीको पानामा राखेको छ । चिनियाँ र भारतीयबाहेक विदेशीले उपल्लो मुस्ताङ जानका लागि प्रति व्यक्ति ५ सय डलर सरकारलाई बुझाएर अनुमति लिनुपर्छ ।

परम्परागत सत्ता र शासन व्यवस्था

लोमन्थाङ नेपालकै भूभाग भए पनि लामो समय यो गाउँ एउटा अलग्गै स्थानीय स्वशासन भएको क्षेत्रका रुपमा थियो । नेपाल राज्यसंग प्रत्यक्ष सम्पर्क पञ्चायत कालदेखि भएको देखिन्छ । त्यस समयमा तत्कालीन सरकारका केही नियम कानून यहाँसम्म आएको पाइन्छ । जस्तैः मुस्ताङी राजालाई राजपरिवारको स्थायी समितिको सदस्यता दिएको थियो भने नेपाल आर्मीको अफिसर सरहको मान, सम्मान तथा सुविधाको व्यवस्था तत्कालीन सरकारले गरेको थियो । जनस्तरमा राज्यसँग तथा अन्य समाजसँग यो गाउँको सहज सम्पर्क भने २०४७ सालमा देशमा बहुदलीय प्रजातान्त्रिक शासनको पुनर्स्थापना भएपछि मात्र भएको पाइन्छ ।

त्यसपछि मात्रै यो गाउँमा राज्यको चहलपहल बढेको हो । त्यसअघि यहाँका जनतको बाहिरका व्यक्तिहरु तथा समाजसँग सँग खासै सम्पर्क हुदैनथ्यो । राजनीतिक परिवर्तनसँगै गाउँका भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, पराम्परगत चाल चलन तथा राजनैतिक स्वरुपमा धेरै परिवर्तन हुँदै आएको देखिन्छ ।

पञ्चायका बेला लोमन्थाङमा मुस्ताङी राजाको शासन एकदम सक्रिय थियो । मुस्ताङी राजा र राजपरिवारले नै लोमन्थाङ तथा वरिपरिका गाउँको शासन चलाउने गर्दथे । राजा र राजपरिवार नै त्यतिवेलाको लोमन्थाङको गाउँको सर्वोच्च सत्ता मानिन्थ्यो । बहुदलीय व्यवस्था आएपछि खासगरी गणतन्त्र आए पनि लोमन्थाङमा केही मात्रामा भए पनि राजाको शासन व्यवस्थामा परिवर्तन आएको मानिन्छ । राजनीतिक दलहरुले आफनो संगठन विस्तारका क्रममा जनताको अधिकार र शासनका कुरा गर्न थाले । यसबाट लोमन्थाङका मानिसमा पनि केही राजनीतिक चेतना आएको देखिन्छ ।

गणतन्त्रमा परम्परागत सत्ता र संस्कृति

लोमन्थाङमा चलिआएका मुखिया, कटुवाल, पराम्परगत समूह (लोमन्थाङमा ५ समूह) छन् । म्हिति (मेलमिलाप समितिको अध्यक्ष) आदि प्रथा अहिलेसम्म कायमै छ । मुखिया र कटुवाल प्रत्येक वर्ष क्रमशः परिवर्तन हुन्छन् भने पराम्परागत समूह परिवर्तन हुँदैन । मुखिया हुनालाई घरको मुल मान्छे विष्ट थरको हुनुपर्ने चलन छ भने अरु कुरामा त्यस्तो छैन । मुखिया, कटुवाल तथा म्हितिको कार्य कृषि तथा पराम्परगत चलचलन सँग मात्र सम्बन्धित छ । पराम्परागत समूह यार्तुङ (घोडा दौड) पर्व मनाउने बेला वा खेतको कुलो मर्मत तथा अरु सामाजिक, धार्मिक कार्यहरु गर्ने बेला आआफनो समूहमा बस्ने गरिन्छ । म्हितीले विशेष गरी पराम्परागत चलचलान वा खेतिपातीमा कसैले दण्डनीय काम गरेको खण्डमा मेलमिलापका काम गर्ने गर्दछ । गाउँपालिकाले पनि यहाँका चाडपर्व सञ्चालन र परम्परागत प्रचलनको प्रयोगमा सहयोग र समन्वय नै गरेको पाइन्छ ।

नेपालमा भएको संघीय गणतान्त्रिक व्यवस्थाको स्थानीय सरकार लोमन्थाङमा पनि बनेको छ । यो शासनभन्दा अघि कानुनीरुपमा लोमन्थाङमा केही पऱ्यो भने मुस्ताङी राजा र राजपरिवारका सदस्यलाई सम्झिन्थ्यो तर अहिले भने पूर्ण रुपमा यो स्थितिमा परिवर्तन भएको छ । गणतन्त्र आएपछि तत्कालीन गृहमन्त्री वामदेव गौतमले नेपालमा कुनै किसिमको राजा नभएको पत्र मुस्ताङी राजाको हातमा बुझाएका थिए । मुस्ताङी राजाले पनि यो कुरा सहजै स्वीकारेका थिए । हाल राजनीतिक रुपमा मुस्ताङी राजाको भूमिका लोमन्थाङमा छैन । समाज राजनीति र जातीय आधारमा विभक्त हुँदा साझा मान्यता वा संस्थाको खोजी गर्ने क्रममा सांस्कृतिक रुपमा पछिल्लो समयमा यहाँका राजाको महत्व झन् बढेको देखिन्छ ।

स्थानीय निर्वाचित सरकार

लोमन्थाङमा पनि नयाँ जनप्रतिनिधि आएका छन.।

नेपाली भाषा नबुझ्ने, कर्मचारी अभाव, भूगोलका कारण काम गर्न समस्या जस्ता चुनौति सामना गर्दै लोमान्थाङ समृद्धिको मार्गमा छ

महिला सदस्यमा बाहेक सबैमा प्रतिष्पर्धा भएको थियो । यहाँ ५ वटा वडा छन् भने २७ जनप्रतिनिधि निर्वाचित हुन्छन् । तीमध्ये २ जना सदस्यमात्र एमालेबाट निर्वाचित भएका थिए भने बाँकी सबै नेपाली कांग्रेसबाट निर्वाचित भएका हुन् । उपाध्यक्ष र ६ वडा सदस्य महिला छन् । लोमन्थाङको अध्यक्ष, उपाध्यक्ष र १ जना वडा अध्यक्ष विष्ट हुन भने १ लोवा थरका र बाँकी सबै गुरुङ हुन् । विष्ट जाति परम्परागत रुपमा शासक भएकाले स्थानीय सरकारका महत्वपूर्ण पदमा पनि उनीहरुको नै वर्चस्व देखिन्छ । देशमा संघीय गणतन्त्रको संविधान आएपछि स्थानीय निर्वाचन भयो जसबाट प्रायजसो नयाँ पिढी नेतृत्वमा आएका छन् । पुरानो पुस्ताका मुखिया शासित क्षेत्रमा यो नयाँ उपलब्धि देखिन्छ । औपचारिक विद्यालय शिक्षा लिएका तथा नेपाली भाषा बोल्न जान्नेहरुले गाउँको विकास गर्ने जिम्मेवारी पाएका छन् । यस क्षेत्रका लागि यो एकदम महत्पूर्ण कुरा हो । स्थानीय पदमा पुगेकाहरु आफै त्यो क्षेत्रमा नयाँ भएको हुनाले आफ्नो अधिकार र जिम्मेवारी सिक्दैमा पहिलो वर्ष गयो । पछिल्लो समयमा भने गाउँपालिकाले आफ् नो आर्थिक स्थिति अनुसार विशेष गरी भौतिक क्षेत्रमा विकास निर्माणमा बढी जोड दिएको देखिन्छ ।

बजेट विनियोजन तथा कार्यन्वयनमा खासै गुनासो छैन तर अनुगमन र निरीक्षण, न्यायिक समितिको सक्रियता आदिमा खासै उपलब्धि हुन सकेको देखिँदैन । देशमा लोकतान्त्रिक गणतन्त्र आएको भए पनि आफनो सांस्कृतिक राजतन्त्रलाई मान्नलाई यहाँको कानुनी सत्ताले रोकेको पनि छैन । यस कारणले पनि स्थानीय जनता, भलाद्मी तथा बुद्धिजीवी संघीय व्यवस्था र स्थानीय सरकारप्रति सकारात्मक नै देखिन्छन् । गाउँपालिकाको निर्णय र नियमलाई सहज पालना गरेको पाइन्छ ।

यस क्षेत्रका बासिन्दाहरुमा झैं-झगडा गर्ने तथा मुद्दा हाल्ने खासै देखिदैन । यस्तो अवस्था आएमा परम्परागत रुपमा नै आफन्त, इष्टमित्र तथा मुखियाले मिलाउँदै आएका छन् । हालसम्म गाउँपालिकामा औपचारिक रुपमा कुनै मुद्दा मामीला आएको छैन । ज्येष्ठ नागरिक तथा अपांग, अशक्त र एकल विधुवा भत्ता बैंकमा खाता खोल्न लगाई समयमै वितरण गरिँदै आएको छ । यदि कुनै व्यक्ति स्वस्थ्यका कारणले बैंकसम्म आउन नसक्ने स्थिति छ भने वडा कार्यालयले नै घर घरमा रकम वितरण गर्ने व्यवस्था मिलाएको छ ।

गाउँपालिकाले योजनाका रकम पाँच वटै वडालाई बराबर बाँड्ने गरेको पाइयो । वडामा रकम आउने भएपछि साधारणतयाः गाउँ भेला गराई प्राथमिकताको आधारमा काम सम्पन्न गर्ने गरेको देखिन्छ ।

स्थानीय सरकारका समस्या

लोमन्थाङको स्थानीय सरकारका पदाधिकारी र जनताको मुख्य समस्या भनेको नेपाली भाषा र नियम कानुन बुझ्न गाह्रो हुनु हो ।स्थानीय सरकारमा निर्वाचित धेरै प्रतिनिधिको शैक्षिक स्थिति राम्रो छैन । धेरैजसो जनता पनि अशिक्षित नै छन् । जसले गर्दा सरकारी नियम कानुनआफूले बुझ्न र अरुलाई बुझाउन गाह्रो परिरहेको अवस्था देखिन्छ । यही कारणले गर्दा पनि सरकारी कार्यालय तथा त्यहाँका कर्मचारीसँग जनाताले काम गर्न सहज भएको पाइदैन ।

समूह कार्यबाट काम हुन नसक्नु स्थानीय सरकारको अर्को कमजोरी हो । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका बीचमा विकास आयोजना र योजना छनोटमा आपसी सहयोग र समन्वयको अभावका कारण सोचे अनुसार यस गाउँको विकास हुन नसकेको बुझाइ स्थानीय बुद्धिजीवीको छ । अर्को समस्या भनेको नेपालको आर्थिक वर्षको प्रणाली हो । मुस्ताङमा विकासको लागि काम गर्ने राम्रो समय वैशाखदेखि असोजसम्म हो । यति बेला मौसमको हिसाबलेसजिलो पर्छ, तर नेपालको आर्थिक वर्ष साउनदेखि सुरु हुने र असार मसान्तमा सिद्धिने हुनाले यहाँ साउनदेखि असोजसम्म विकासको खासै केही काम गर्न पाइँदैन । स्थानीय सरकारमा कर्मचारीको अभाव हुँदा विकास तथा प्रशासनिक काममा यसले असर पारेको देखिन्छ ।

कानुन-परम्परागत सत्ताको सम्बन्ध

लोमन्थाङको परम्परागत सत्ता लोमन्थाङको राजतन्त्र तथा उनका सन्ततिसँग तथा स्थानीय सहयोगीका रुपमा मुखिया रहेको देखिन्छ । लोमन्थाङमा हुने तिजी पर्व तथा यार्तुङ (घोडा दौड)मा त राजा, रानी तथा बिष्टहरुको महत्व र भूमिका विशेष छ । परम्परागत चालचलन तथा संस्कृतिमा असर नपर्ने ठाउँमा स्थानीय सरकार आफैंले कानुनी अधिकार क्षेत्रको प्रयोग गर्दै निर्णय र काम गरिरहेको छ । नयाँ योजना र विकास निमार्णका कार्य तथा आर्थिक क्षेत्रमा निर्वासचत स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारको प्रयोग गर्दै आएको पाइन्छ । त्यस्तै खेतिपाती तथा अरु केही सांस्कृतिक अधिकार मुखियासँग बढी हुनाले मुखियाको समन्वयमा गाउँपालिकाले काम गरिरहेको देखिन्छ ।

मुखियाद्वारा स्थानीय झैंझगडा र विवादमा निर्णय दिने काम हुँदै आएकोमा हाल गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति बनाई त्यसबाट न्याय निरुपणको क्षेत्राधिकार तोकिएको छ । स्थानीय चालचलनलाई पूरै उपेक्षा गर्न नसकिने भएकाले यस कार्यमा निर्वाचित निकायले पनि स्थानीय मुखियाको नै खोजी गर्ने गरेको पाइन्छ । यसरी यस गाउँमा कानुनी र परम्परागत दुवै शक्ति मिलेर विकासका काम सँगसँगै अन्य सबै शासन व्यवस्था तथा न्यायका काम भइरहेका छन् । यही नै लोमन्थाङको विशिष्टता हो ।

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

स्वयंसेवकको स्वीकृति नामावली तथा अन्तर्वाता सम्बन्धी सूचना

गण्डकी प्रदेश विकास स्वयम्सेवक परिचालन कार्यविधि, २०७८ बमोजिम मिति २०७८/११/१३ मा प्रकाशित सूचना अनुसार आवेदन दिनुभएका उम्मेदवारहरूमध्ये रितपूर्वक दरखास्त दिएका उम्मेदवारहरुको स्वीकृती नामावली तथा अन्तर्वार्ता सम्बन्धी सूचना युवा तथा खेलकुद मन्त्रालयको website: moys.gandaki.gov.np मा प्रकाशित गरिएकोले सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं -२६ मद्धतको पाटन सोतो सडक निर्माण उपभोक्ता समितिले सोतो सडक निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : सोतो सडक निर्माण योजना
योजनाको कुल लागत : रु ५,५५,५५०।१०
योजना सम्झौता मिति : २०७८/१२/१५
योजना सुरु मिति : २०७८/१२/१६
योजना सम्पन्न हुने मिति : २०७९/०२/३०
योजना सम्पन्न मिति : २०७९/०१/२५
महानगरपालिकाबाट प्राप्त हुने रकमः : रु. २,५०,०००।-
उपभोक्ता (जनसहभागिता) बाट : रु. २,५०,०००।-

यमुना थापा
अध्यक्ष
मद्धतको पाटन सोतो सडक निर्माण उपभोक्ता समिति
पोखरा-२६, मद्धतको पाटन

हार्दिक समवेदना

जन्म मितिः वि.सं. २०१५/०३/१३
स्वर्गारोहण मितिः वि.सं. २०७९/०१/२६

स्व. देवेन्द्र रमण त्रिपाठी

श्री नवज्योति सनतदुर्गा आधारभूत विद्यालय पोखरा-३०, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **देवेन्द्र रमण त्रिपाठी**को यही मिति २०७९ वैशाख २६ गते भएको असामायिक निधनले यस विद्यालय परिवारलाई अत्यन्तै मर्माहत तुल्याएको छ । यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

रमा पौडेल
प्रधानाध्यापक *एवं*
श्री नवज्योति सनतदुर्गा आधारभुत विद्यालय परिवार
पोखरा-३०, आँपडाँडा, कास्की

प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय, कास्की
गण्डकी प्रदेश पोखरा

उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना: २०७९/०२/०७ गते

यस कार्यालयमा मिति २०७६/०५/३० मा कास्की जिल्ला साविक पोखरा महानगरपालिका वडा नं. १२, कि.नं. ९४ सितला मार्गमा संचालन गर्ने गरी मादी गाउँपालिका वडा नं. ७ कास्की निवासी **प्रेम कुमारी गुरुङ**को नाउँमा दर्ता भएको प्रा.फ.द.प्र.नं. १६२३७/०७६/०७७ को **अन्नपूर्ण द क्याफे**का प्रोपाइटर **प्रेम कुमारी गुरुङ**ले मिति २०७९/०२/०६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको लेनदेन भएमा सवुत प्रमाणसहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

घरेलु तथा साना उद्योग कार्यालय
कास्की

पानी उमालेर मात्र पिउने गरौं

TEACHERS WANTED

S.N	Level/ Subject	Nos
1.	Sec. Level Nepali Teacher	1
2.	Sec. Level Computer Teacher (Part time)	1
3.	Basic Level English Teacher	1
4.	Basic Level Maths Teacher	1
5	Grade Teacher	1
6	Driver	1

- Please apply with your updated CV, hand written application and pp size photograph.
- At least 3 years of experience is essential.
- Only short listed candidates will be called for the interview and class observation.

Note: Apply within 10th Jestha 2079.

शैक्षिक सत्र २०७९ का लागि *कक्षा नर्सरीदेखि कक्षा ५ सम्म सीमित सिटमा* नयाँ भर्ना समेत खुलेको जानकारी गराउँदछौं ।

Pinnacle Academy
Pokhara-11, Fulbari
Ph: 061-574362, 9856072303

वर्गीकृत विज्ञापन डिस्प्ले

TEACHER WANTED
1. English Sec./Lower Sec.-1/1
2. Maths/ Science L. Sec. / Sec.-1/1
3. Nepali L. Sec. & Sec.-1/1
4. Computer Science-L. Sec. & Sec. -1/1
5. Science/Math Primary-1/1
Contact
98066-88637, 98461-57144

URGENTLY WANTED
Post:
Secondary Level Nepali Teacher.
Qualification & Experience:
Master's Degree with 2 years' teaching in relevant subject.
Salary:
Attractive
Contact:
9857622225, 9846163081

We Accept
fonepay / फोनपे
Samadhan Media Pvt. Ltd.
Merchant Code #IHXG
eSewa

?

तु-आवश्यकता
कुक-१ जना
तलबः १८,०००।-
वारिष्ता-१ जना
तलबः १५,०००।-
डिसवासर-१ जना
तलबः १०,०००।-
सम्पर्क :
9816680515, 9841054199

TEACHER WANTED
- Secondary Math/Science
- L. Secondary social
- L. Secondary computer
- Secondary English (part time)

Contact:
9856007080
9846231746

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

तु आवश्यकता
NCDB कम्पनीलाई भ्रममा होइन भ्रममा बिश्वास गर्ने कर्मचारी आवश्यकता ।
आवश्यक संख्या : ५ युवा/युवती
शैक्षिक योग्यता : SEE +2 above
तलब सुबिधा :
कम्पनीको नियमनुसार फिक्स तलब, कमिसन, मासिक बोनस, दुर्घटना बिमा
सम्पर्कः
98065-45801 / 98560-21715
नोट - आफ्नो स्थान सुरक्षित गर्न शैक्षिक कागजातसहित अफिस भिजिट गरी आवेदन फारम निशुल्क भरी आफ्नो कामलाई निश्चित गराउन आव्हान गर्दछौं ।

आवश्यकता
कुक- १ जना
बस्न, खानको सुविधा
तलबः आपसी समझदारीमा
सम्पर्कः
९८०६६-३७०००

आवश्यकता
कुक- १ जना
बस ड्राइभर- १ जना
तलब तथा अन्य सुविधाः
विद्यालयको नियम अनुसार
सम्पर्क :
पोखरा पब्लिक स्कुल
अनुपम टोल, स्वागतनगर चाउथे
061-501222, 501233

कर्मचारी आवश्यकता
एस.आई. कार्यालयको नयाँ शाखाको लागि !
साधारण–३ जना
SEE – ५ जना
+2 above – ४ जना
सम्पर्क :
9806548049, 9856032351
महेन्द्रपुल, पोखरा

TEACHER WANTED
- Primary level teacher-2
- Grade teacher -2

Montessori trained
Loaction : Pokhara-14, Chhanedanda
Contact:
9856066599
061-505310

समाधानमा eSewa बाट भुक्तानी
समाधान दैनिकमा वर्गीकृत वा सानो विज्ञापन छाप्न अब कार्यालयमै धाउन पर्दैन ।
सम्पर्क :
०६१-५८८४७७
९८५६०८३५००

कांग्रेस ३७, माओवादी १७ र एमाले १६ वडामा विजयी

राष्ट्रिय समाचार समिति
बलेवा, ६ जेठ

स्थानीय तह निर्वाचन ०७९ को अन्तिम मतपरिणाम सार्वजनिक हुँदा बागलुङमा नेपाली कांग्रेस ६ स्थानीय तहमा जित हासिल गरेर पहिलो शक्ति बनेको छ । जिल्लाको बागलुङ र गलकोट नगरपालिका, काठेखोला, बडीगाड, तमानखोला र निसीखोला गाउँपालिका कांग्रेसले जितेको हो ।

राष्ट्रिय जनमोर्चाले २ स्थानीय तहको प्रमुख जितेको छ । जैमिनी नगरपालिका र बरेङ गाउँपालिका सो पार्टीले विजय हासिल गरेको हो । यसैगरी नेकपा (माओवादी केन्द्र)ले ताराखोला गाउँपालिका जितेको छ ।

यसअघिको स्थानीय तहको निर्वाचनमा जिल्लाका ४ स्थानीय तहको प्रमुख र २ वटा स्थानीय तहमा एमालेले उपप्रमुख जितेको थियो । १० स्थानीय तहमध्ये छ स्थानीय तहमा नेपाली कांग्रेसले प्रमुख पदमा जीत हासिल गरेको छ । यसअघि ४ स्थानीय तहमा मात्रै कांग्रेसले प्रमुख पद पाएको थियो । बागलुङमा वसन्तकुमार श्रेष्ठ, काठेखोलामा राजु थापा, गलकोटमा भरत शर्मा गैरे, बडीगाडमा गण्डकी थापा अधिकारी, तमानखोलामा जोकलाल बुढा र निसीखोलामा सूर्यबहादुर घर्ती कांग्रेसले पाएका प्रमुख हुन् ।

यसअघि जैमिनी, गलकोट , निसीखोला र तमानखोला गाउँपालिकामा कांग्रेसले प्रमुख पदमा नेतृत्व गरेको थियो । अघिल्लो पटकको स्थानीय तहमा प्रमुख र उपप्रमुखमध्ये ८ स्थानमा मात्रै जितेको कांग्रेसले यस पटक ११ स्थानमा जीत हासिल गरेको छ । ताराखोला, तमानखोला र बरेङ गाउँपालिका, जैमिनी र ढोरपाटन नगरपालिकामा कांग्रेसले उपप्रमुखमा जितेको छ ।

जैमिनीमा पार्टी सचिव हरिहर शर्मा उपप्रमुख हुँदा ढोरपाटनमा धनबहादुर कायतले उपप्रमुखमा जीत हासिल गरेका छन् । तमानखोलामा कांग्रेसका हीराकुमारी छन्त्याल उपाध्यक्षमा निर्वाचित हुँदा बरेङमा दिलीपकुमार पुन र ताराखोलामा भीमबहादुर रोकाले जीत हासिल गरेका छन् ।

जैमिनीको प्रमुख जितेको राजमोले बरेङ गाउँपालिकामा अध्यक्ष र काठेखोला तथा बडीगाड गाउँपालिकामा उपाध्यक्ष जितेको छ । जैमिनीमा नरबहादुर पुन र बरेङमा कृष्णप्रसाद शर्मा अध्यक्षमा निर्वाचित भए । राजमोबाट काठेखोलामा तिलक पुन र बडीगाड गाउँपालिकामा भीमसेन वनले उपाध्यक्ष जिते । ताराखोलाको अध्यक्ष जितेको माओवादी केन्द्रले बागलुङको उपप्रमुख, गलकोटको उपप्रमुख र निसीखोला गाउँपालिकाको उपाध्यक्ष जितेको छ ।

ताराखोलामा धनबहादुर विक हिमालले अध्यक्ष जित्दा गलकोट नगरपालिकामा फमलाल न्यूरे र बागलुङ नगरपालिकामा राजु खड्काले उपप्रमुख जिते । अघिल्लो निर्वाचनमा बागलुङमा प्रमुख र उपप्रमुखमध्ये कांग्रेसले ८, नेकपा एमालेले ६, राजमोले ३ र माओवादी केन्द्रले २ सिट र राप्रपाले १ सिट जितेका थिए । एमालेले जितको विरासत जोगाउन नसक्दा गठबन्धनका दलले सिट बढाएका हुन् ।

बागलुङमा सबैभन्दा बढी वडामा नेपाली कांग्रेसले जीत हात पारेको भने कम वडा राष्ट्रिय जनमोर्चाले जितेको छ । कांग्रेसले ३७ वडा जित्दा जनमोर्चाले ११ वडा जितेको छ । एमालेले १६ वडा, माओवादी केन्द्रले १७, एकीकृत समाजवादीले तीन वडा जितेको छ भने स्वतन्त्र उम्मेदवारले १ वडा जितेका छन् ।

बागलुङका वडाध्यक्षमा महिला शून्य

बागलुङका ८५ वडाध्यक्षमा अध्यक्षमा महिला नेतृत्व शून्य भएको छ । यहाँका १० पालिकाका कुनै पनि वडामा महिलाले अध्यक्ष जितेनन् । काठेखोला गाउँपालिका २ मा नेपाली कांग्रेसबाट गंगा थापा र वडा नम्बर ८ मा नेकपा एमालेका चित्राकुमारी श्रीसमगर वडाध्यक्षका उम्मेदवार थिए । दुवैले पराजय भोगेका छन् ।

१० पालिकाका ८५ वटा वडामा महिला सदस्य र दलित महिला सदस्य गरी १७० जना महिला बाहेक १ सय ७० जना खुला सदस्यमा ८ महिला, पालिका प्रमुख र उपप्रमुख गरी २० जना मध्ये १/१ जना महिला निर्वाचित भएका छन् ।

एउटा पालिका अध्यक्ष र एक पालिका उपाध्यक्षमा मात्रै महिला निर्वाचित भएका छन् । बागलुङका चार नगरपालिका र ६ गाउँपालिकामध्ये २०७४ सालको निर्वाचनमा ६ पालिकाको उपप्रमुख र उपाध्यक्ष महिला थिए । तर अहिलेको निर्वाचनमा जिल्लाको बडिगाड गाउँपालिकाको अध्यक्षमा गण्डकी थापा अधिकारी र तमानखोला गाउँपालिकाको उपाध्यक्षमा हीराकुमारी छन्त्यालमात्रै निर्वाचित बन्न सफल भएका छन् ।

एमालेले बागलुङ नगरपालिका बाहेक अन्य ९ पालिकाको उपप्रमुख र उपाध्यक्षमा महिला उम्मेदवार उठाएको थियो । ती कसैले जितेनन् । पाँचदलीय गठबन्धनका कारण गत निर्वाचनमा महिला नेतृत्व उपप्रमुख र उपाध्यक्ष पाएका गाउँपालिकाले समेत यस पटक महिला नेतृत्व गुमाए ।

२०७४ सालको निर्वाचनमा बागलुङको गलकोट नगरपालिकाको उपप्रमुखमा रेणुका काउचा, ढोरपाटन नगरपालिकाको उपप्रमखुमा करमती पुन, निसीखोला गाउँपालिकाको उपाध्यक्षमा शोभा कार्की, तमानखोला गाउँपालिकाको उपाध्यक्षमा मानसरी शेरचन, ताराखोला गाउँपालिकाको उपाध्यक्षमा दिलकुमारी पुन र बरेङ गाउँपालिकाको उपाध्यक्षमा डिलकुमारी पुन निर्वाचित भएका थिए । यसपालि गठबन्धनका कारण ५ दलले कममात्रै महिला उम्मेदवार उठाए । एमालेले उठाएका सबै महिला उम्मेदवारहरुले हारे ।

सिक्लेस-मनाङ पदमार्ग विकास

समाधान संवाददाता
पोखरा, ६ जेठ

कास्कीको मादी गाउँपालिका १ सिक्लेसका देवीजंग गुरुङ ०७४ सालमा वडाध्यक्षमा पराजित भए । त्यतिबेला उनी आफैंलाई पढाएका शिक्षक सुरज गुरुङसँग १ सय २६ मतले हारेका थिए ।

यसपटक १२ वडामध्ये सर्वाधिक १ सय ६५ मतान्तरले देवीजंग वडाध्यक्ष निर्वाचित भएका छन् । उनी नेकपा एमालेका उमरबहादुर गुरुङलाई हराएर वडाध्यक्ष बनेका हुन् । देवीजंगले ८ सय २८ मत पाउँदा उमरले ६ सय ६३ मत पाए । ३० वर्षीय देवीजंग मादीकै कान्छा वडाध्यक्ष हुन् ।

मादी १ नेकपा एमाले कास्की अध्यक्ष मनबहादुर गुरुङको वडा हो । ०५४ देखि एमालेले जितेको ठाउँ यसपटक कांग्रेसले जितेको हो । एमालेको किल्ला मानिने वडा तोडेका देवीजंग कांग्रेस मादी गाउँपालिका कमिटी सचिव हुन् ।

वडाध्यक्ष देवीजंगले जनताको दैनिकीसँग जोडिएका विषय आफ्नो विशेष प्राथमिकता हुने बताए । ५ वर्षमा पर्यटन विकासका योजना ल्याउने, यातायातको सहज व्यवस्था गर्ने उनले सुनाए । दलित समुदायका युवा-युवती आर्थिक अभावले बीचमै पढाइ छोड्ने गरेका छन् । देवीजंग उनीहरुलाई अध्ययनमा निरन्तर गराउन चाहन्छन् । ‘दलित समुदायको जो उच्च शिक्षा ब्याच्लर पढ्न चाहन्छ । वडाबाट छात्रवृत्तिको व्यवस्था गर्छु,’ उनले भने ।

सामाजिक सुरक्षा भत्ता वितरणलाई टोलस्तरमा पुऱ्याउने योजना देवीजंगले बनाएका छन् । साँदा, खिलाङ, नयाँगाउँलगायत गाउँका बासिन्दा भत्ता लिन सिक्लेस जानुपर्छ । त्यो असुविधा हटाएर टोलटोलमा गएर भत्ता दिने व्यवस्था गर्ने देवीजंगको योजना छ । ‘ठूलो योजना केही छैन । जनताको दैनिकी मुख्य जोड हो । भौगोलिक हिसाबले हाम्रो वडा ठूलो छ । टाढाबाट सिक्लेस नै आउनुपर्ने बाध्यता छ,’ उनले आफ्नो योजना सुनाए, ‘सामाजिक सुरक्षा बैंकसँग सहकार्य गरेर सबै गाउँका टोलटोलमा बाँड्ने योजना छ ।’

प्रसिद्ध पर्यटकीय गाउँ सिक्लेसदेखि मनाङसम्म पदमार्ग विकास गर्न प्रयास गर्ने देवीजंगले सुनाए । ‘सिक्लेसदेखि मनाङसम्मको पदमार्ग विकासको योजना छ,’ उनले थपे, ‘माछापुच्छ्रे गाउँपालिकासँग जोडिने टिइँ भन्ने ठाउँ छ । त्यहाँ जाने पदमार्गलाई प्रवर्द्धन गर्ने योजना छ । त्यहाँबाट ५/७ वटा हिमाल मज्जाले देख्न सकिन्छ ।’

पछिल्लो ३ वर्षयता चर्चामा रहेको कपुचे हिमताल पनि यही वडामा पर्छ । सिक्लेसबाट कपुचे जान ८ घण्टा हिँड्नुपर्छ । हुगु भन्ने ठाउँ नपुग्दासम्म ६ घण्टाबीच बास बस्ने ठाउँ र टि सप छैन । पर्यटकलाई सहज हुने गरेर रुटको कुनै ठाउँमा बास बस्ने व्यवस्था मिलाउने देवीजंगको योजना छ ।

सिक्लेसदेखि कपुचेसम्म घोडा यात्रा गराउने योजना गाउँपालिका अध्यक्ष देवीजंग गुरुङले बनाएका छन् । ‘कपुचेमा व्यवस्थित होटल छन् । अब त्यतिले पुग्दैन, त्यसैले बीचमा पनि केही पूर्वाधार बनाउनुपर्छ,’ देवीजंगले थपे, ‘सिक्लेसबाट कपुचे जान गाउँपालिकाले निश्चित शुल्क लिएर घोडा यात्रा गर्ने गाउँपालिका अध्यक्षको योजना छ । यो काम पनि हुन्छ ।’

रेडियो अन्नपूर्ण, कास्की आवाज पत्रिकामा काम गरेको अनुभव देवीजंगसँग छ । देवीजंग नेपाल पत्रकार महासंघ, कास्कीको पूर्व कार्यसमिति सदस्य हुन् । उनी सिक्लेस युवा क्लबसहित गुरुङ समुदायसम्बद्ध संघसंस्थामा पनि आबद्ध छन् । कास्कीका यज्ञबहादुर थापा कानुनमन्त्री हुँदा उनले सचिवालयमा बसेर काम गरेका थिए ।

मादी १ मा कांग्रेसले प्यानलै जितेको छ । खुला सदस्यमा प्रेमबहादुर गुरुङ, खरजङ गुरुङ, महिला सदस्यमा माया भुजेल, दलित महिला सदस्यमा जितकुमारी सुनार निर्वाचित भएका छन् । गाउँपालिका अध्यक्षमा कांग्रेसकै देवीजंग गुरुङ र उपाध्यक्षमा एमालेकी कल्पना गुरुङ ५ वर्षलाई निर्वाचित भएका छन् ।

लमजुङमा कांग्रेस, एमाले ४/४ तहमा विजयी

समाधान संवाददाता
पोखरा, ६ जेठ

लमजुङका ८ स्थानीय तहमध्ये चार/चार स्थानीय तहमा कांग्रेस र नेकपा (एमाले) विजयी भएका छन् । मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालका अनुसार बँसीसहर नगरपालिकासहित, क्व्होलासोथर, दोर्दी र मर्स्याङ्दी गाउँपालिकामा एमाले तथा मध्यनेपाल, राइनास, सुन्दरबजार नगरपालिका एवं दूधपोखरी गाउँपालिकामा कांग्रेसले प्रमुख जितेको छ ।

जिल्लामा कांग्रेस, नेकपा (माओवादी केन्द्र)लगायतको गठबन्धन थियो भने एमाले एक्लै चुनावमा होमिएको थियो । जिल्लाकै सदरमुकामसमेत रहेको र सबैको चासो रहेको बँसीसहर नगरपालिकामा एमालेका गुमानसिंह अर्याल, क्व्होलासोथर गाउँपालिकामा सूर्य गुरुङ, दोर्दी गाउँपालिकामा युवराज अधिकारी र मर्स्याङ्दी गाउँपालिकामा अर्जुन गुरुङ निर्वाचित बने । बँसीसहरका अर्याल र मर्स्याङ्दीका गुरुङ दोहोरिन सफल बने । गठबन्धनतर्फ नेपाली कांग्रेसबाट सुन्दरबजार नगरपालिकामा कृष्णप्रसाद कोइराला, मध्यनेपाल नगरपालिकामा रमेशकुमार पाण्डे, राइनास नगरपालिकामा खड्काबहादुर गुरुङ र दूधपोखरी गाउँपालिकामा धनप्रसाद गुरुङ निर्वाचित बने । उपप्रमुख तथा उपाध्यक्षतर्फ एमालेले ५ तहमा जितेको छ भने, कांग्रेसले १ र माओवादी केन्द्रले २ पालिकामा जितेको छ । एमालेका तर्फबाट उपप्रमुख पदमा बँसीसहर नगरपालिमामा पद्मा गुरुङ, सुन्दरबजार नगरपालिकामा भवानी केसी, मध्यनेपाल नगरपालिकामा सीता गुरुङ, क्व्होलासोथर गाउँपालिकामा गमी गुरुङ र मर्स्याङ्दी गाउँपालिकामा जुनामाया थापा निर्वाचित बने ।

माओवादी केन्दबाटे दूधपोखरी गाउँपालिकामा क्षेत्रबहादुर गुरुङ र राइनासमा नगरपालिकामा पुष्पराज खनाल निर्वाचत भए भने कांग्रेसका विच्छबहादुर घले दोर्दी गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित बनेका छन् ।

पहिला जोसँग हारे, अहिले उसैलाई हराए

समाधान संवाददाता
पोखरा, ६ जेठ

म्याग्दीको मालिका गाउँपालिकाको अध्यक्षमा २०७४ सालको स्थानीय तह निर्वाचनमा पराजित भएका नेकपा (एमाले) का बेगप्रसाद गर्बुजाले त्यतिबेलाकै प्रतिस्पर्धीलाई पराजित गरेका छन् । निवर्तमान गाउँपालिका अध्यक्ष श्रीप्रसाद रोकालाई गर्बुजाले हराएका हुन् ।

विसं २०७४ मा रोकाले गर्बुजालाई ८५ मतले पराजित गरेका थिए । यस पटकको निर्वाचनमा गर्बुजाले रोकालाई १ सय २१ मतान्तरले हराउँदै जित हासिल गरे । गर्बुजाले ३ हजार ९१, रोकाले २ हजार ९ सय ७० र नेकपा (माओवादी केन्द्र) का रेशमबहादुर जुग्जालीले २ हजार २ सय २५ मत प्राप्त गरेका छन् । १३ हजार २ सय १ मतदाता रहेको मालिकामा ८ हजार ८ सय ४५ मत खसेको थियो ।

६ स्थानीय तह र ४५ वडा रहेको म्याग्दीमा एमालेले २२ वडासहित ४ स्थानीय तहमा प्रमुख, ३ स्थानीय तहमा उपप्रमुख, कांग्रेसले १७ वडासहित २ स्थानीय तहमा प्रमुख र एउटामा उपप्रमुख तथा माओवादी केन्द्रले ६ वडासहित २ स्थानीय तहमा उपप्रमुखमा जित हासिल गरेको छ ।

मालपोत कार्यालय मुस्ताङबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

गण्डकी प्रदेश मुस्ताङ जिल्ला हालको लोमान्थाङ गा.पा. वडा नं. ५ बस्ने टै छिरिङ गुरुङको छोरी याङजीन गुरुङले यस कार्यालयमा दर्ता गराउनु भएको नामसारी गरी पाँउ भन्ने किटानी माग निवेदन अनुसार निजको आमा आङमो गुरुङको मामा दुराङ छयोमे गुरुङको मिति २०४६।०८।०६ मा निजको श्रीमती निवेदकको आमाको माईजु निमा ढ्योमा गुरुङको पनि मिति २०४०।०५।२८ मा मृत्यु भएको साथै मृतक दुराङ छयोमे गुरुङ र मृतक निमा ढ्योमा गुरुङ दम्पती निसन्तान रहेकोले मृतक दम्पतीको वृद्ध अवस्थाको रेखदेख, औषधीउपचार, स्याहार सम्भार र मृत्यु पश्चातको कुल धर्म अनुसारको अन्तिम संस्कार समेत निवेदक आफैले गरेको कारण मृतक दुराङ छयोमे गुरुङको नाममा यस कार्यालयमा दर्ता कायम रहेको साविक मुस्ताङ १।ख कि.न.१११ क्षे.फ.०-६-१-१, कि.न.१६२ क्षे.फ.०-६-२-३, कि.न.२६४ क्षे.फ.०-१०-२-३, कि.न.३४९ क्षे.फ.०-१३-२-०, कि.न.३६७ क्षे.फ.१-०-१-२ र कि.न.४५५ क्षे.फ.०-६-१-३ भएका जम्मा ६ कित्ता जग्गाहरु मुलुकी देवनी संहिता, २०७४ को दफा २४३ अनुसार मेरो नाममा एकलौटी नामसारी गरि पाँउ भनी यस कार्यालयमा नामसारी निवेदन पेश गर्नु भएकोले उल्लेखित कित्ता जग्गाहरुमा अन्य व्यत्ती कोही कसैको हक लाग्ने भए यो सूचना प्रकाशीत भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा सवुत प्रमाणसहित उपस्थित हुनुहुन् यो सूचना प्रकाशित गरिएको छ अन्यथा प्रचलित कानून अनुसार भईजाने व्यहोरा सम्वन्धित सबैमा सूचित गरिन्छ ।

इति सम्वत २०७९ साल जेठ ०७ गते रोज ७ शुभम्।

शिक्षक आवश्यकता

यस **श्री जनवाल माध्यमिक विद्यालय** घरपझोङ- २ मार्फा मुस्ताङका लागि तपसिल बमोजिमका अस्थायी करार, शिक्षक आवश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

तपशिल :

१) पद : **मा.वि. तृतीय श्रेणी**
विषय : विज्ञान
पद संख्या : १ (एक)
शैक्षिक योग्यता : विज्ञान विषयमा स्नातक वा सोसरह उत्तीर्ण गरेको र सम्वन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
तलब तथा सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार ।

२) पद : **नि.मा.वि. तृतीय श्रेणी**
विषय : नेपाली
पद संख्या : १ (एक)
शैक्षिक योग्यता : नेपाली विषयमा आई.एड.वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको । (उपल्लो योग्यता लाई विशेष ग्राह्यता दिईने छ)
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार ।
आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रका प्रतिलिपी २/२ प्रति ।
दरखास्त दिने मिति : २०७९/०२/०६ देखि २०७९/०२/२० सम्म ।
दरखास्त दिने स्थान : श्री जनवाल मा.वि. घरपझोङ २ ,मार्फा मुस्ताङ ।
परीक्षाको किसिम : लिखित र अन्तरवार्ता ।
परीक्षा दस्तुर : रु १०००।-(एकहजार रुपैया)
सम्पर्क मिति : २०७९/०२/२१ गते
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।
सम्पर्क : ९८४६६१८३४३/९८४६८२२७२६

श्री जनवाल माध्यमिक विद्यालय
घरपझोङ २, मार्फा, मुस्ताङ

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०७९ जेठ ०७ गते

पढ्नको लागि कोठा (Room to Read) र **पालिका**हरुसँगको साझेदारीता तथा **सूर्योदय क्लब** मार्फत स्याङ्जा जिल्लाका विभिन्न सामुदायिक विद्यालयहरुमा प्रारम्भिक कक्षाका बालबालिकामा पढ्ने सीप तथा पढ्ने बानीका लागि उत्प्रेरित गर्दै स्वतन्त्र पाठकका रुपमा विकास गर्ने उद्देश्य अनुसार साक्षरता कार्यक्रमका लागि तपशिलको जनशक्ति आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७९ जेष्ठ १३) भित्र दिनको ५:०० बजे सम्म रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन नं	पद	आवश्यक संख्या	आवश्यक योग्यता
६/०७८/०७९	**साक्षरता सहजकर्ता**	१	● मान्यता प्राप्त विश्वविद्यालयबाट शिक्षा शास्त्र संकायमा स्नातक तह उतीर्ण गरेको । ● कम्तिमा एक वर्ष शिक्षण अनुभव भएको वा शिक्षा क्षेत्रमा कार्य अनुभव भएको । ● शिक्षकहरुका लागि साक्षरता कार्यक्रम सम्बन्धी तालिम तथा कार्यशालाहरु संचालन गर्न सक्ने ।

१. **उमेर:** १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको ।
२. प्रचलित कानुन अनुसार अयोग्य नठहरिएको ।
३. **आवश्यक कागजात: क.** निवेदन **ख.** ब्यक्तिगत विवरण **ग.** नागरिकता, शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रको प्रतिलिपि **घ.** हालसालै खिचिएको पासपोर्ट साइजको फोटो
४. **सेवाको किसिम:** करार
५. **छनोट प्रक्रिया:** प्रारम्भिक छनोट, लिखित, अन्तरवार्ता, समूह छलफल(आवश्यकता भएमा) ।
६. **दरखास्त बुझाउने स्थान:** सूर्योदय क्लबको मुख्य कार्यालय, पुतलीबजार ३ बाडखोला वा साक्षरता कार्यक्रमको परियोजना कार्यालय वालिङ ९ क्याम्पसरोड वा इमेल: clubsuryodaya@gmail.com

पुनश्च: कम्प्युटरमा अफिस प्याकेज, इमेल इन्टरनेट चलाउन सक्ने । मोटरसाइकल/स्कुटर तथा सवारी चालक अनुमति पत्र भएकोलाई थप योग्यता भएको मानिने छ ।

थप जानकारीका लागि:
https://drive.google.com/file/d/1-F_3xcsZfM9rETJ6lu6tH5hTx79G1wrx/view
फोन नं.: ०६३- ४२३०५०, ९८४६१८३६००

हार्दिक बधाई

नीलम राना
प्रिन्सिपल

कृष्ण गुरुङ
भाइस प्रिन्सिपल

निर्मला गुरुङ
जुनियर सुपरभाइजर

स्वागत सिंह भण्डारी
प्रशासक

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७९ वैशाख २० गतेको निर्णयअनुसार विद्यालयका भाइस प्रिन्सिपल **नीलम राना** विद्यालयको प्रिन्सिपलमा, **कृष्ण गुरुङ** भाइस प्रिन्सिपलमा, **निर्मला गुरुङ** जुनियर स्कुल सुपरभाइजरमा र **स्वागत सिंह भण्डारी** विद्यालय प्रशासकमा ३ वर्षका लागि नियुक्त हुनुभएकामा **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

सम्पूर्ण शिक्षक शिक्षिका *एवम्* विद्यालय परिवार
सरस्वती आदर्श विद्याश्रम
पोखरा-१९, लामाचौर

नरसाङ गुम्बा पुनर्निर्माण

सुन्दरकुमार थकाली
जोमसोम, ६ जेठ

मुस्ताङको थासाङ गाउँपालिका २ कोवाङ खन्तीको नरसाङ गुम्बा पुनर्निर्माण भएको छ । ०६१ देखि नरसाङको पुनर्निर्माण सुरु भएको थियो । गण्डकी प्रदेशका सांसद एवं नेकपा एमाले मुस्ताङ जिल्ला इन्चार्ज चन्द्रमोहन गौचनले पुनर्निर्मित गुम्बा उद्घाटन गरे ।

यो गुम्बा खन्तीमाथि पश्चिमतर्फको थुम्कोमा छ । पर्यटन मन्त्रालय अन्तर्गतको पुरातत्व विभागले नरसाङ गुम्बा जोखिममा रहेको र यसलाई पुनर्निर्माण गर्नुपर्ने सल्लाह दिएपछि थाक सात सय क्षेत्रका थकालीले पुनर्निर्माणमा जोड दिएका थिए ।

पुनर्निर्माणका लागि गुम्बा संरक्षण तथा व्यवस्थापन समितिसमेत गठन गरिएको थियो । समितिको पहलमा थाक सात सय क्षेत्रका विभिन्न चन्दादाताबाट आर्थिक सहयोग संकलन गरिएको थियो । गण्डकी प्रदेशको बिशेष अनुदान, स्थानीय तह र साबिक जिल्ला विकास समितिको सहयोगमा गुम्बा पुनर्निर्माण तथा रेलिङसहितको सिंढी बाटो निर्माण गरिएको नरसाङ गुम्बा संरक्षण तथा व्यवस्थापन समिति सचिव अशोक गौचनले जानकारी दिए ।

यसका लागि २ करोड ७५ लाख ८४ हजार संकलन गरिएको थियो । यसका लागि १५ हजारदेखि ५२ लाख रुपैयाँसम्म चन्दा दिने ९७ जना र १५ हजारदेखि तल चन्दा दिने १ सय ८७ जना रहेको समिति सचिव गौचनले उल्लेख गरे । रेलिङसहितको सिंढी बाटो निर्माण गर्न गण्डकी प्रदेशले आ.व.०७६/०७७ मा ५ लाख र २०७७/०७८ मा ४० लाख बजेट दिएको थियो । ऐतिहासिक तथा धार्मिक महत्वको नरसाङ गुम्बाका लागि उठेको चन्दामध्ये २ करोड ६३ लाख ५१ हजार खर्च भएको समिति कोषाध्यक्ष ईन्दुप्रकाश गौचनले जानकारी दिए ।

यसका लागि १० जनाले लाखौंका

पद्यसम्भवसँग जोडिएको यो गुम्बा पौने ३ करोड खर्चेर पुनर्निर्माण भएको छ

जिन्सी सामानसमेत प्रदान गरेका थिए । उनीहरुले सुनको बाला, सुनको चश्मा, तामा, सुन, चाँदी, मुगा लगायतका सामाग्री चढाएका छन् ।

कार्यक्रममा सांसद चन्द्रमोहन गौचनले थाक सात सय क्षेत्रको गौरव नरसाङ गोम्पा भएकाले यसको दिगो संरक्षण गर्नुपर्नेमा जोड दिए । उनले धार्मिक सम्पदा संरक्षणले पर्यटन र धार्मिक पर्यटन प्रर्वद्धनमा टेवा पुग्ने भएकाले गुम्बा संरक्षण र व्यवस्थापनमा पारदर्शिता हुनुपर्ने जनाए । थकाली सेवा समितिका केन्द्रीय उपाध्यक्ष शान्ति तुलाचनले भक्तजनको सहजताका लागि व्यवस्थापन पक्ष राम्रो तुल्याउन आवश्यक रहेको औंल्याइन् ।

नरसाङ गोम्बा संरक्षण तथा व्यवस्थापन समिति अध्यक्ष सुवर्ण गौचनले ऐतिहासिक तथा धार्मिक महत्वको गोम्बा पुनर्निर्माणमा सहयोग पुऱ्याउने चन्दादातालाई दिइन् । समारोहमा १ लाखभन्दा बढी आर्थिक सहयोग गर्ने चन्दादातालाई सम्मानपत्रसहित गण्डकी प्रदेशका सांसद चन्द्रमोहन गौचन र समिति अध्यक्ष सुवर्ण गौचनले सम्मान गरेका थिए ।

नरसाङ गोम्पा गुरु पद्यसम्भवसँग जोडिएको छ । तिब्बतमा गुम्बा निर्माण गर्दा राक्षसले अवरोध सृजना गरेको र गुम्बा निर्माणको असहज परिस्थितिको सामना गर्न पद्यसम्भवलाई तिब्बत झिकाइएको थियो । अलौकिक क्षमता भएका पद्यसम्भव तिब्बत आउने क्रममा थासाङको गुरुसाङ्वो गुफामा ध्यान गरी बसेको भन्ने बताइन्छ ।

सो गुफामा बस्दा गुरु पद्यसम्भव अनेकरुपमा प्रकट हुने गर्थे भन्न विश्वास गरिन्छ । एक दिन मृगको रुप धारण गरेका पद्यसम्भवलाई थाक सात सय क्षेत्रका शिकारीले घेराबन्दी गरे । त्यसपछि मृगको रुप धारणा गरेका पद्यसम्भव देवीको रुपमा प्रकट भए । देवीको रुपमा प्रकट भएका पद्यसम्भवले शिकारीहरुले आफू मृग नभई देवीको स्वरुप भएको र मलाई यसै क्षेत्रको अग्लो थुम्कोमा राख्नू भनेको विश्वास गरिन्छ ।

तर, देवीलाई अग्लो धुम्कोमा लैजाँदा बाटोमा मुन्टो मर्काएर धत्तेरी भन्दा देवीको मुन्टो बाङ्गो हुन पुगेको थाक सात सय क्षेत्रका संरक्षक हेमन्त गौचनले बताए । मृगको रुपमा धारण गरेकी देवीलाई ल्ह नरित्ह्योव देवको रुपमा पुकार्ने गरिएको हो । थाक सात सय क्षेत्रका थकालीले नरिच्ह्योवलाई ईष्टदेवको रुपमा पूजा गर्ने गर्छन् । मृगको रुपमा शिकारीको फन्दामा परेका महागुरु देवी नरिच्ह्योवलाई नरसाङ गुम्बा राखियो । नरिच्ह्योवीको पूजा, आरधना गर्नाले मनोकांक्षा पूरा हुने विश्वास छ ।

जिडिबी अस्पतालमा पानसका सदस्यलाई सहुलियत

समाधान संवाददाता
पोखरा, ६ जेठ

पोखराको बुद्धचोकमा रहेको जिडिबी कार्डियाक हस्पिटलले पोखरा ८ को पानस बचत तथा ऋण सहकारी संस्थाका सेयर सदस्यलाई स्वास्थ्य उपचारमा सहुलियत प्रदान गर्ने भएको छ ।

सहकारीको शुक्रबार भएको नवौं वार्षिकोत्सव समारोहमा त्यसका लागि अस्पताल र सहकारीबीच दुई पक्षीय सम्झौता भएको छ । सम्झौतापत्रमा अस्पतालका निर्देशक वासुदेव कोइराला र सहकारीका अध्यक्ष ईन्द्रमान चौहानले हस्ताक्षर गरेका छन् । अस्पतालका निर्देशक कोइरालाले अस्पताललेमुटु रोगसम्बन्धी विशेषज्ञ सेवा दिने जानकारी दिए ।

अस्पतालका अर्का निर्देशक डुकप्रसाद काफ्लेले सम्झौता अनुसार अस्पतालले सहकारीका सेयर सदस्यले अस्पतालबाट ल्याबमा १५ प्रतिशत, फार्मेसीमा ५ प्रतिशत र बहिरंग सेवामा १० प्रतिशत छुट दिने बताए । त्यस्तै अस्पतालमा भर्ना भएका बिरामीलाई १५ प्रतिशत, एक्सरे, भिडियो एक्सरे, अनुसन्धान लगायतका सेवामा १५ प्रतिशत छुट दिने बताए ।

'२०५४ सालमा स्थापना भएको साबिकको पोखरा हस्पिटलले अहिले विशेष विशेषज्ञ सहितको सेवा दिन थालेको छ,'उ नले भने, 'खानपान तथा शारीरिक व्यायामको कमीले अबको १० वर्षमा मुटुसम्बन्धी समस्या बढ्न सक्ने भएकाले अहिलेदेखि व्यवस्थित ढंगले सेवा दिन थालेको छौं ।' उनले सहकारीका सेयर सदस्यलाई हेल्प डेस्क राखेर गुणस्तरीय सेवा दिइने बताए ।

सहकारीका अध्यक्ष चौहानले सहकारीका ४ हजार २ सय १९ सेयर सदस्यलाई स्वास्थ्य उपचार दिनका लागि अस्पतालसँग सम्झौता गरिएको बताए । उनले पोखराको १० वडामा कार्यक्षेत्र भएको सहकारीले सबै वडामा कार्यक्षेत्र विस्तार गर्ने योजना सुनाए । कार्यक्रममा सहकारीका उपाध्यक्ष दुर्गाबहादुर थापा, सचिव महेश्वर रिमाल, सल्लाहकार रवीन्द्र बराल, प्रबन्धक धनेन्द्र गुरुङले सहकारीले सेयर सदस्यको सर्वोपरी हितमा काम गर्ने बताए ।

हिमाल कलेजमा बिदाई कार्यक्रम सम्पन्न

समाधान संवाददाता
पोखरा, ६ जेठ

हिमाल कलेज अफ म्यानेजमेन्टमा कक्षा १२ का विद्यार्थीलाई बिदाइ गरिएको छ । शुक्रबार भएको कार्यक्रमाम कक्षा ११ का विद्यार्थीले १२ कक्षाका विद्यार्थीलाई बिदाइ गरेका हुन् ।

कलेजका प्रमुख हरि कार्कीले कक्षा १२ पासआउट भएर जाने विद्यार्थीलाई कक्षा ११ का विद्यार्थीले बिदाइ गरिएको बताए । '१२ कक्षाको पढाइ सकेका विद्यार्थीलाई ११ मा पढ्दै गरेका विद्यार्थीले बिदाइ गरेका हुन् । कलेजका शिक्षकसँग हार्दिकता साटासाट गर्ने, विभिन्न सांस्कृतिक कार्यक्रमसहित बिदाई कार्यक्रम भएको छ,' उनले भने ।

कार्कीले आगामी शैक्षिक भविष्यका लागि विद्यार्थीलाई शुभकामना दिँदै कलेजबाट बिदाइ भएर जाने विद्यार्थीले कलेजको नाम थप उचो पार्ने विश्वास लिएको सुनाए । कार्यक्रममा इन्चार्ज मनिप्रसाद डुम्रे, एड्मिन हेड दुर्गा गुरुङ, डिसिप्लिन इन्चार्ज चेतनाथ भण्डारी र शिक्षक सुदनकुमार मुल्मीले बोलेका थिए । ३ वर्षमा ४ सय विद्यार्थी उत्तीर्ण गराएको यो कलेज ०७७ र ०७८ को टियु बिबिएसमा गण्डकी प्रदेशकै उत्कृष्ट नतिजा ल्याएको थियो ।

बागलुङ नगरपालिकाद्वारा शुक्रबार आयोजित नवनिर्वाचित जनप्रतिनिधिको स्वागत तथा निवर्तमान जनप्रतिनिधिको बिदाइ समारोहमा अङ्कमाल गर्दै नवनिर्वाचित नगरप्रमुख वसन्तकुमार श्रेष्ठ र निवर्तमान नगरप्रमुख जनकराज पौडेल । *तस्बिर : रामबहादुर थापा/ रासस*

तनहुँमा कांग्रेस र एमाले बराबर

समाधान संवाददाता
पोखरा, ६ जेठ

तनहुँका शुक्रबार गणना गरिएका ९ पालिकामध्ये नेपाली कांग्रेस र नेकपा (एमाले)ले समान ४ र नेकपा (माओवादी केन्द्र) १ स्थानमा विजयी भएका छन् । यहाँका १० पालिकामध्ये व्यास नगरपालिकामा मतगणना जारी छ ।

कांग्रेसबाट भानु नगर प्रमुखमा आनन्दराज त्रिपाठी र उपप्रमुखमा उमा गोतामे, शुक्लागण्डकी नगर प्रमुखमा कृष्णराज पण्डित, ऋषिङ गाउँपालिका अध्यक्षमा राजेन्द्रकृष्ण श्रेष्ठ, उपाध्यक्षमा गिनुमाया थापा, देवघाट गाउँपालिका अध्यक्षमा तिलबहादुर थापा विजयी भएका छन् । बन्दीपुर गाउँपालिका उपाध्यक्षमा पञ्चमाया गुरुङ, म्याग्दे गाउँपालिका उपाध्यक्षमा बालकृष्ण घिमिरे विजयी बने ।

एमालेबाट घिरिङ गाउँपालिका अध्यक्षमा होमबहादुर थापा, उपाध्यक्षमा राधादेवी अधिकारी, म्याग्दे गाउँपालिका अध्यक्षमा श्रीप्रसाद श्रेष्ठ, भीमाद नगर प्रमुखमा दधिराज सुवेदी, उपप्रमुखमा शारदा खनाल, बन्दीपुर गाउँपालिका अध्यक्षमा सुरेन्द्र थापाले जित हासिल गरेका छन् ।

माओवादी केन्द्रबाट आँबुखैरेनी गाउँपालिका अध्यक्षमा शुक्र चुमान, उपाध्यक्षमा दुर्गा अर्याल, शुक्लागण्डकी नगर उपप्रमुखमा खुमबहादुर विक, देवघाट गाउँपालिका उपाध्यक्षमा भुवनसिं गुरुङ विजयी भएका छन् ।

जिल्लाका ८५ वडामध्ये हालसम्म ७४ वडाको नतिजा सार्वजनिक भएको छ । त्यसमध्ये कांग्रेसले ३८ वडामा जित हासिल गरेको छ । एमालेले २६ र माओवादी केन्द्रले ६ वडा जितेका छन् । स्वतन्त्रबाट ४ जनाले वडाध्यक्षमा विजय हासिल गरेका हुन् ।

TEACHER WANTED

Himali School, One of the eminent and high performing school is seeking energetic, well qualified, dynamic and +2 passed or equivalent candidates who are willing to learn and grow as professionals for the basic level teacher.

Preference will be given to those with english background, computer skill, training and experience in related areas.

Candidates are requested to submit a hand written application with your latest updated CV along with the latest photograph in person before **20th Jestha 2079.**

Contact:
HIMALI SCHOOL
Pokhara-18, Bhakunde
Mobile No: 9856032163, 9814125707

ओलीको गृहनगरमा राप्रपाको जित

समाधान संवाददाता
काठमाडौं, ६ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको गृहनगर झापाको दमक नगरपालिकाको प्रमुख पदमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) विजयी भएको छ । राप्रपाका तर्फबाट उम्मेदवार बनेका रामकुमार थापा नगर प्रमुखमा निर्वाचित भएका हुन् ।

उपप्रमुखमा नेपाली कांग्रेसबाट रेगिना भट्टराई निर्वाचित बनिन् । नगर प्रमुखमा निर्वाचित थापाले १७ हजार ५ सय २५ मत प्राप्त गर्दा प्रतिस्पर्धी एमालेको तर्फबाट उम्मेदवार बनेकी गीताकुमारी पौडेल अधिकारीले १७ हजार ७२ मत प्राप्त गरिन् । थापा र अधिकारीको मतान्तर ४ सय ५३ छ । अधिकारी विसं २०७४ मा भएको स्थानीय तहको निर्वाचनमा सोही नगरको उपप्रमुखमा निर्वाचित भएकी थिइन् ।

यता उपप्रमुख पदमा निर्वाचित भट्टराईले १६ हजार ९ सय ६६ मत प्राप्त गर्दा एमालेका उम्मेदवार अम्बिकाप्रसाद खनालले १६ हजार ५ सय ७४ मत प्राप्त गरे । उपप्रमुखमा भट्टराई र खनालको मतान्तर भने ३ सय ९२ छ । ५८ हजार १ सय ७६ मतदाता रहेको नगरमा १८ हजार ७ सय १६ पुरुष र २१ हजार १ सय ७९ महिला गरी ३९ हजार ८ सय ९५ जनाले मतदान गरेका थिए ।

दमक नगरपालिकामा राप्रापासँग गठबन्धन भएको थियो । जसमा कांग्रेसले प्रमुख पद राप्रपालाई दिएको थियो भने उपप्रमुख पद कांग्रेसले लिएको थियो। जसका कारण दुवै पद गठबन्धनले हात पारेको हो । वडातर्फ भने दमक-१ मा एमालेका तर्फबाट हरिप्रसाद न्यौपाने, २ मा एमालेकै प्रजापति सापकोटा, ३ मा एमालेका तर्फबाट नवीन बराल, ४ मा कांग्रेसका पुण्यप्रसाद दाहाल निर्वाचित हुनुभयो ।

५ मा एमालेका इन्द्रबहादुर गुरुङ; ६ मा एमालेकै टेकबहादुर थापा, ७ मा राप्रपाका भीमप्रसाद पौडेल, ८ मा एमालेका धर्मप्रसाद दाहाल, ९ मा एमालेकै कुवेरप्रसाद भट्टराई र वडा नं १० मा कांग्रेसबाट राजेन्द्रप्रसाद भण्डारी निर्वाचित बने । दमकमा छ दलीय गठबन्धनबाट राप्रपाका थापालाई प्रमुखका साझा उम्मेदवार बनाइएको थियो । मतगणनाको सुरुदेखि नै दमकमा गठबन्धन र एमालेबीच कडा प्रतिष्पर्धा थियो ।

एमाले-गोविन्दराज गठबन्धन हराउँदै भानुमा कांग्रेस

समाधान संवाददाता
पोखरा, ६ जेठ

तनहुँको भानु नगरपालिकाको प्रमुख र उपप्रमुखमा नेपाली कांग्रेस विजयी भएको छ । शुक्रबार घोषित मत परिणामअ नुसार नगर प्रमुखमा आनन्दराज त्रिपाठी र उपप्रमुखमा उमा गोतामे चुनिए ।

त्रिपाठीले १२ हजार २ सय ५२ मत प्राप्त गरी विजयी हुादा प्रतिस्पर्धी नेकपा (एमाले)का सीताराम बजगाईंले ९ हजार ४३ मत प्राप्त गरेको निर्वाचन अधिकृत मीनबहादुर कुँवरले जानकारी दिए ।

उपप्रमुखमा गोतामे १० हजार ५ सय ४७ मत प्राप्त गरी विजयी बन्दा प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार केशरबहादुर गुरुङले ५ हजार ८ सय १७ मत प्राप्त गरे । ४० हजार ९ सय ६६ मतदाता रहेको भानुमा २५ हजार ५ सय ७२ मत खसेको थियो ।

१३ वडामध्ये कांग्रेसले ९, एमालेले २ र स्वतन्त्रले २ वडामा विजय हासिल गरेको छ । भानु १ को वडाध्यक्षमा कांग्रेसका कान्छीमाया तामाङ; वडा नं २ को अध्यक्षमा एमालेका केशव त्रिपाठी, ३ को अध्यक्षमा कांग्रेसका तुलकुमार गुरुङ; ४ को अध्यक्षमा कांग्रेसकै अर्जुनबहादुर बोहोरा, ५ को अध्यक्षमा कांग्रेसका नहकुल अधिकारी, ६ को अध्यक्षमा कांग्रेसका धीरेश खनाल चुनिएका छन् । ७ को अध्यक्षमा कांग्रेसका खुमप्रसाद श्रेष्ठ, ८ को अध्यक्षमा कांग्रेसका ईश्वरबहादुर घिमिरे, ९ को अध्यक्षमा एमालेका मिन गुरुङ; १० को अध्यक्षमा कांग्रेसका हरिहर उप्रेती, ११ को अध्यक्षमा स्वतन्त्रका विमलराज जोशी, १२ को अध्यक्षमा कांग्रेसका बेलबहादुर अधिकारी र १३ को अध्यक्षमा स्वतन्त्रका कृष्णबहादुर अधिकारी विजयी बनेका छन् ।

हार्दिक बधाई

श्री विष्णु बहादुर भट्टराई
अध्यक्ष

श्री बासु बराल
खुल्ला सदस्य

श्री दीपेन्द्र पहारी
खुल्ला सदस्य

श्री पवित्रा थापा
खुल्ला महिला सदस्य

श्री शोभा जलारी
दलित महिला सदस्य

यही वैशाख ३० गते सम्पन्न भएको **स्थानीय तह निर्वाचनमा** पोखरा महानगरपालिका वडा नं. ६ बाट यस सहकारी संस्थाका शेयर सदस्यहरु **श्री विष्णु बहादुर भट्टराई** गरिमामय अध्यक्ष पदमा, **श्री बासु बराल** र **श्री दीपेन्द्र पहारी** खुल्ला सदस्यमा, **श्री पवित्रा थापा** खुल्ला महिला सदस्यमा, **श्री शोभा जलारी** दलित महिला सदस्यमा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मी नारायण श्रेष्ठ
अध्यक्ष तथा
हाम्रो सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. परिवार
पोखरा-६, डिहीकोपाटन, कास्की

समाधान मिडिया प्रालिका लागि अध्यक्ष : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com